# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

**CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.**

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"

Central Office : Mid Baneshor, Kathmandu Tel No. 0977-01- 4595513, 4564852, Fax No. 4465785

E-mail:info@chhimekbank.org, Website : www.chhimekbank.org


## नगद लाभांश भुक्तानी नलिनु भएका शेयरधनी महानुभावहरुलाई भुक्तानी लिन आउने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८०/०६/०२ गते**

यस वित्तीय संस्थाको वार्षिक साधारण सभाबाट पारित भएको आ.व. २०६९/७०, २०७०/७१, २०७१/७२, २०७२/७३ र २०७३/७४ को (पाँच वर्ष बढी पुरानो) नगद लाभांश कतिपय शेयरधनी महानुभावहरुद्वारा हालसम्म पनि बुझिलिन बाँकी रहेकाले उक्त नगद लाभांश रकम भुक्तानी नलिनु भएका शेयरधनीहरुलाई यो सुचना प्रकाशित भएको मितिले ३० दिनभित्र आफ्नो शेयर प्रमाणपत्र वा डिम्याट विवरण साथ आफ्नो कुनै परिचयपत्र लिई वा उल्लेखित आ.व.मा शेयरधनी रहनुभएको तर हाल आफ्नो शेयर बिक्री गरिसकेका तत्कालिन शेयरधनीहरुले आवश्यक कागजातको प्रतिलिपी सहित यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, मध्यबानेश्वर, काठमाण्डौमा कारोवार समयमा सम्पर्क राखी लाभांश पूर्जा बुझिलिन हुन कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (९) र (१०) तथा नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७९ को निर्देशन नं. १५ को बुँदा नं. ३ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा उक्त अवधि पश्चात उल्लिखित रकम कम्पनी ऐन, २०६३ को दफा १८३ बमोजिम स्थापना भएको "लगानीकर्ता संरक्षण कोष" मा जम्मा हुने ब्यहोरा समेत जानकारी गराउँदछौं। साथै, आ.व.२०६९/७० देखि आ.व. २०७८/७९ सम्मको बुझिलिन बाँकि नगद लाभांश रकमहरु समेत निम्न वमोजिम रहेको छ, उल्लेखित शेयरधनीहरुले बुझिलिन वाँकि रहेको नगद लाभांशको विस्तृत विवरण यस वित्तीय संस्थाको वेवसाइट (www.chhimekbank.org) मा पनि प्रकाशित गरिएको छ। उक्त आ.व.को नगद लाभांश रकम भुक्तानी नलिनु भएका शेयरधनीहरुले बुझिलिन बाँकी रहेका नगद लाभांश लिन यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबी क्यापिटल लि., बालुवाटार, काठमाडौँमा सम्पर्क गर्नुहुन समेत यो सूचना प्रकाशित गरिएको छ।

| आर्थिक वर्ष | रकम (रु.) | कैफियत |
|---|---|---|
| २०६९/७० | ११८,३५१.१२ | |
| २०७०/७१ | १०५,३६५.७५ | |
| २०७१/७२ | ४०८,९८०.३७ | |
| २०७२/७३ | २,४५६,७२९.५६ | |
| २०७३/७४ | ३,६८२,३१०.६६ | |
| २०७४/७५ | ४,१०९,२७४.७२ | |
| २०७५/७६ | ३,१९५,३०४.१४ | |
| २०७६/७७ | २,३८२,७५४.५३ | |
| २०७७/७८ | १,३८३,८०६.२६ | |
| २०७८/७९ | ३,२०५,३६६.२० | |

**पुनश्चः** आ.व.२०६८/६९ सम्मको भुक्तानी नभई बाँकी रहेका नगद लाभांशहरु यस अघि नै "लगानीकर्ता संरक्षण कोष" मा जम्मा भई सकेको हुँदा "लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७२" मा ब्यवस्था भए बमोजिम आवश्यक प्रकृया पूरागरि दावी गर्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ।